मिति:२०८२-०७-२५ बैठक संख्या:५

प्रस्तावहरुः

१. जग्गा वर्गीकरण सम्बन्धमा।
२. माटो उत्खनन अनुमति सम्बन्धमा।
३. ब्याक हो-लोडर, ट्र्याक्टर खरिदको लागि थप रकम सम्बन्धमा।
४. राजस्व बक्यौता रहेका क्रसरको सेवा सुविधा सम्बन्धमा।
५. वडा कार्यालय, शाखालाई निर्देशन सम्बन्धमा।
६. कार्यविधिहरु पारित सम्बन्धमा।
७. वडा नं ४ भवनको माटो फिलिङ्ग सम्बन्धमा।
८. तिनाउ र दानव खोला रेखदेख गर्ने पालेहरुको कामकाज सम्बन्धमा।
९. कृषि बजार निर्माण शिर्षकमा विनियोजित रकम सम्बन्धमा।

**निर्णयहरुः**

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा जग्गा वर्गीकरण सम्बन्धी कित्तागत प्रतिवेदन उपर दाबी विरोधको लागि पेश हुन आएका निवेदन अनुसार संशोधन भई प्राप्त भएको जग्गा वर्गीकरण सम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा सियारी गाउँपालिका अन्तर्गतका जग्गाहरुबाट माटो उत्खनन सम्बन्धी कार्य गर्दा देहाय बमोजिम गर्ने/गराउने निर्णय गरियो।

देहायः

क. सियारी रिङ्गरोड, खोला नाका जाने सडक र ओर्लहवा-मायादेवी सडक बाहेकका भित्री सडक र कृषि सडकमा ट्र्याक्टर र टिप्पर बाहेक हाइवा चल्न अनुमति नदिने,
ख. सम्बन्धित वडा कार्यालयले माटो उत्खनन सम्बन्धी अनुमति उपलब्ध गराउन उपयुक्त निवेदनहरुको घरायसी प्रयोजनको लागि २० ट्राली (ट्र्याक्टर) सम्म प्राविधिक नापजाँच बमोजिम वडाबाट नै गर्ने र सो भन्दा बढी परिमाण वा बिक्रि प्रयोजनको लागि आवश्यक कागजात सहित गाउँपालिकामा सिफारिस गरी पठाउने,
ग. घरहरुको जग पुर्ने प्रयोजनको लागि माटो उत्खनन अनुमति माग भएमा नक्सा पास गरेर मात्र अनुमति उपलब्ध गराउने।

मितिः२०८२-०७-२५ बैठक संख्याः५

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिकालाई आवश्यक ब्याक हो-लोडर खरिदको लागि आवश्यक थप बजेट व्यवस्थापन म्याचिङ्ग फण्ड शिर्षकमा विनियोजित रकमबाट गर्ने गरी खरिद कार्य अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा राजस्व बक्यौता रहेका क्रसर तथा अन्य उद्योगहरुलाई मंसिर १५ गतेसम्म बक्यौताको २५%, पौष १५ गतेसम्म बक्यौताको २५%, माघ १५ गतेसम्म बक्यौताको २५%, फाल्गुन १५ गतेसम्म बक्यौताको २५% गरी कुल बक्यौता फाल्गुन १५ गतेभित्र बुझाउने गरी समय उपलब्ध गराउने र सो समयसम्म पनि बक्यौता नबुझाएमा गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधा रोक्का गर्ने र उल्लेखित अवधि पश्चात् समेत राजस्व नबुझाएमा सम्बन्धित निकायसँगको समन्वयमा विद्युत काटने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट “सार्वजनिक संरचनाको पुनःनिर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि विकास आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने” सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मितिः२०८२/०६/०५ मा भएको निर्णय कार्यान्वयन सम्बन्धी परिपत्र सम्बन्धमा स्थानीय तहसँग सम्बन्धित निर्णयहरु कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा मातहतका निकाय तथा कार्यालयलाई संलग्न बमोजिमको निर्देशन सहितको परिपत्र तयार गरी पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं ६. प्रस्ताव नं ६ माथि छलफल गर्दा विभिन्न शाखाबाट पेश हुन आएका तपसिलमा उल्लेखित कार्यविधिहरु पारित गर्ने निर्णय गरियो।

तपसिलः

क. सियारी गाउँपालिका स्तरीय किशोर-किशोरी सञ्जाल संचालन कार्यविधि, २०८२
ख. महिला सञ्जाल गठन, संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२
ग. पुराना भवनहरुको अभिलेखीकरण/नियमित तथा तला थप व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८२
घ. विद्यालय अनुगमन तथा शिक्षक पेशागत सहयोग कार्यविधि, २०८२
ङ. सियारी गाउँपालिकाको मालसामान लिलाम बिक्रि सम्बन्धी कार्यविधि, २०८२
च. सियारी गाउँपालिका सोझै खरिदमा प्रतिस्पर्धा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८२
छ. सियारी गाउँपालिकाका विद्यालयमा रिक्त हुने शिक्षक, कर्मचारी पदपूर्ती सम्बन्धी कार्यविधि, २०८२
ज. रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२
झ. सियारी गाउँपालिका “सुत्केरीसँग उपाध्यक्ष” कार्यक्रम संचालन कार्यविधि, २०८२
ञ. सियारी गाउँपालिकाको भूमी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

ट. सामुदायिक कलेज अनुदान सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२
ठ. सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२
ड. व्यवसाय दर्ता सम्बन्धी कार्यविधि, २०८२

निर्णय नं ७. प्रस्ताव नं ७ माथि छलफल गर्दा सियारी गाउँपालिका वडा नं ४ को भवनमा माटो फिलिङ्गको लागि प्राविधिक स्टिमेट अनुसार कार्य गर्नको लागि लाग्ने खर्च मर्मत संभार कोष शिर्षकबाट विनियोजन भएको रकमबाट गर्ने निर्णय गरियो।

निर्णय नं ८. प्रस्ताव नं ८ माथि छलफल गर्दा सियारी गाउँपालिका अन्तर्गत पर्ने तिनाउ र दानव नदीको नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रणको लागि वडा कार्यालयबाट सिफारिस भई आएका तपसिलमा उल्लिखित व्यक्तिहरुको दैनिक डोर हाजिरी र दैनिक कार्य विवरण सम्बन्धीत वडा कार्यालयले प्रमाणित गरी राख्ने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | दानव नदी | तिनाउ नदी | कैफियत |
|---|---|---|---|
| १ | पुनाराम तिवारी | शम्भु केवट | |
| २ | शंकर यादव अहिर | सरवन केवट | |
| ३ | राम नयन यादव अहिर | जय प्रकाश केवट | |
| ४ | राहुल खरेल | दिलिप केवट | |
| ५ | - | राम सिंह केवट | |
| ६ | - | राम बहादुर केवट | |
| ७ | - | ओम प्रकाश केवट | |

निर्णय नं ९. प्रस्ताव नं ९ माथि छलफल गर्दा संघीय सरकाबाट कृषि बजार निर्माण शिर्षकमा विनियोजित रकमबाट सियारी-७ को कृषि हाट बजार भित्र आवश्यक कार्य गर्ने र गाउँपालिकाबाट विनियोजित रकमबाट उक्त हाट बजारसम्म जाने सडक ग्रावेल सम्बन्धी कार्य गर्ने निर्णय गरियो।